आज मिति २०७७ साल जेष्ठ १६ गते दिउँसो ३:०० बजे राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति प्रस्ताव एवम निर्णयहरु तपसिल अनुसार रहेकाछन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी अध्यक्ष राप्ती गाउँपालिका
सदस्य श्री जगदम्बाकुमारी चौधरी राप्ती
सदस्य श्री टेकबहादुर कुमाल
सदस्य श्री वेदप्रसाद चौधरी
सदस्य श्री विष्णुबहादुर घर्ती क्षेत्री
सदस्य श्री कुवारी देवी कार्की
सदस्य श्री जगतबहादुर थापा
सदस्य श्री विष्णु गुरुङ
सदस्य श्री ताराबहादुर डि सी
सदस्य श्री गोकर्णबहादुर राना
सदस्य श्री गोवर्धन राउत
सदस्य श्री विद्याशरण चौधरी
सदस्य श्री सुनिता मल्ल
सदस्य श्री ताराकुमारी चौधरी
सदस्य श्री चन्दर चौधरी
सदस्य श्री रिमबहादुर सुनारी मगर
सदस्य श्री सञ्जिव परियार
सदस्य सचिव श्री शोभाराम रिजाल

आमन्त्रित

श्री महेश अधिकारी, आर्थिक विकास शाखा
श्री विश्वास वि.क., शाखा अधिकृत (सूचना अधिकारी) राप्ती गाउँपालिका
श्री नारायण राउत, स्वास्थ्य संयोजक
श्री विकास ज्ञवाली, अधिकृत, प्रशासन शाखा
इ.श्री अशोक बेलबासे, भौतिक पूर्वाधार शाखा
श्री मुमाराम भुषाल, रोजगार संयोजक
श्री प्रभु महत्तो आ.ले.प. सहायकस्तर पाँचौ तह
श्री विमल भट्टराई (अ.स.ई योजना शाखा प्रमुख)

## २०७७/०२/१६ गते बसेको १७ औं बैठकका निर्णयहरु:

रामी गाँउपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षतामा रामी गाँउकार्यपालिकाको आज मिति २०७७ जेठ १६ गते बसेको १७ औं बैठकमा देहाय बमोजिमका निर्णय गरियो।

निर्णय नं.१. कोभिड-१९ संक्रमण रोकथाम तथा क्वारेन्टाईन व्यवस्थापन सम्बन्धमा निम्नानुसार गर्ने:

क. प्रत्येक वडामा स्थापना भएका क्वारेन्टाईनहरुमा रहने व्यक्तिहरुको आधारभुत खाना, बसाई लामखुट्टेबाट बच्न धुप, साबुन, मास्क आदि उपलब्ध गराउने ।

ख. क्वारेन्टाईनमा रहने व्यक्तिहरुको लागि खानाको लागि खाद्यसामाग्री अन्तरगत ( चामल, दाल, नुन, तेल, तरकारी, मसला) खरिद गर्ने। क्वारेन्टाईनमा खाना वनाएर खुवाउन असम्भव भएमा कुनै व्यक्ति वा होटलसंग क्वारेन्टाईन सञ्चालन मापदण्ड बमोजिम प्याकेजिङ र डेलिभरी चार्ज समेत गरी बढीमा रु तिन सय प्रति दिनका दरले सम्झौता गरी खाजा/खाना खुवाउने।

ग. कोभिड-१९ कोरोना भाईरस परिक्षणका लागि आवश्यक पर्ने संघिय सरकार, प्रदेश सरकारबाट प्राप्त परिक्षण तथा स्वास्थ्य सामाग्री हुन नसक्ने देखिएकाले गाँउपालिकाबाट VTM, मास्क , सेनिटाईजर, ग्लोव्स, PPE Set लगायतका आवश्यक सामाग्रीहरु खरिद गर्ने र रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही, दाङमा कोरोना रोगको परिक्षणको दायरा बढाउन PCR मेसिन खरिद गर्नुपर्ने भएमा लागत मुल्य र स्थानिय तहको संख्याको आधारमा हुन जाने लागत साझेदारी गर्ने ।

घ. कोरोना परिक्षण लगायत कार्यमा खटिने अहेब २ जना, ल्याब टेक्निसियन/ ल्याब असिस्टेन्ट -२ जना, अनमि २ जना , सहयोगी-२ जना गरी ८ जना कर्मचारी करारमा व्यवस्थापन गर्ने र निजहरुको पारिश्रमिक स्थानिय तह व्यबस्थापन कोष तथा आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन शिर्षकबाट गर्ने।

निर्णय नं.२.आधारभुत स्वास्थ्य केन्द्र व्यवस्थापन शिर्षकमा संघिय सरकारबाट प्राप्त शशर्त बजेट निर्माणाधिन आधारभुत स्वास्थ्य केन्द्र भवनहरुको प्राविधिकबाट प्राप्त स्थलगत प्रतिवेदनको आधारमा रकम विनियोजन गरि निर्माण कार्य सम्पन्न गर्ने।

निर्णय नं.३. रामी चक्रपथको निर्माणको लागि जयमाँ बागेश्वरी निर्माण सेवालाई चाहिने Sub base materials बगरापुरघाट तथा अपुग भएमा अन्य EIA भएको स्थान तथा संकलन गरेर घाटगद्दी गरिएको स्थानबाट रोयल्टी लिई नियमानुसार उपलब्ध गराउने ।

निर्णय नं. ४ . सगरमाथा क्रसर उद्योग, अंशु निर्माण सेवा, गाँउपालिकाबाट अमानतमा दिएका ठेक्काहरुले गाँउपालिकासँग गरेका सम्झौता बमोजिम संकलन गर्न बाँकी नदिजन्य पदार्थ प्रचलित कानुनको अधिनमा रही जिल्ला समन्वय समितिबाट प्राप्त परिपत्र समेतका आधारमा मेशिनरी औजार प्रयोग गरी उत्खनन् तथा संकलन गर्न दिने।

निर्णय नं.५. आ.व. २०७५/७६ मा सम्झौता भई बर्षातका कारणले सम्पन्न हुन नसकेको र यस आ.व. मा सम्पन्न भएको रासी गाँउपालिका वडा नं.१ को बगासोती होमस्टे भवनको स्टिमेट बमोजिमको कार्य भए नभएको प्रतिवेदनबाट एकिन गरी सो का आधारमा रकम भुक्तानी गर्ने।

निर्णय नं.६. रासी गाँउपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीको अध्यक्षतामा आर्थिक विकास शाखाको मिति २०७७/०२/१६ गते बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. ७. रासी गाँउपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीको अध्यक्षतामा पशु स्वास्थ्य शाखाको मिति २०७७/०२/१३ गते बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. ८.प्रत्येक वडामा मर्मत सम्भार कोषबाट विनियोजन भएको रु ५लाख बराबर योजनाहरु सम्पन्न गरी वडाको सिफारिस भई आएमा प्राविधिक प्रतिवेदनका आधारमा मर्मत सम्भार कोषबाट भुक्तानी दिने निर्णय गर्ने ।

निर्णय प्रमाणित

निर्णय नं. ९-आ.व. २०७५/७६ मा यस गाँउपालिका र निर्माण व्यवसायी श्री लक्ष्मी पुजा निर्माणवीच भएको सम्झौता सभाहल निर्माण ठेक्का नं. ( 11/RRM/ HALL/ 075/76) विविध कारण समयमा सम्पन्न हुन नसकेकोले योजनाको म्याद २०७७ असार ०५ गतेसम्म थप गर्ने ।

निर्णय नं. १०- श्री जिता कन्सट्रक्सन रासी गापा-४ मौरीघाटले रासी गाँउपालिकाबाट जारी भएको घ वर्गको ईजाजतपत्र सम्वन्धी कार्यविधि २०७४ को दफा ३ को उपदफा २ मा उल्लेखित सम्पुर्ण पुर्वाधारहरु पुरा गरेकाले उक्त संस्थालाई घ वर्गको ईजाजत पत्र दिने ।

निर्णय नं. ११- रासी गाँउपालिका वडा नं. ४.सुन्दरपुरमा रहेको रासी सामुदायिक सिँचाई संघ LM-5 संग काम सम्पन्न भएपश्चात भुक्तानी दिने गरी रासी गाँउपालिका ४ मौरीघाट नयाँगाँउ डाङ स्थित विग्रिएको डिप बोरिङ मर्मतको लागि सम्झौता गर्ने ।